प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश, नेपाल
उद्योग, पर्यटन, वन तथा बातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, डोटी

फोन नं. ०९४-४२०१६२

प.सं. :- ०७८/०७९

च.नं : 269

मिति : २०७८/०८/२३

विषय : वन विकास सम्वन्धि कार्यक्रमहरुको विस्तृत सुचना पठाईएको बारे ।

श्री सानागाउँ/सिलगढी/गोपघाट/कालिकास्थान/दुर्गामाण्डौं/चनुकाँडा/जोरायल/लानाकेदारेश्वर
सव डिभिजन वन कार्यालय, डोटी ।

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०७८/०७९ को डिभिजन वन कार्यालयहरु तर्फको कार्यक्रमहरुको विस्तृत सुचना यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ । उक्त सुचना तहाँ कार्यालयको सुचना पाटीमा टाँस गरी सोको जानकारी पठाउन हुन र सम्वन्धित व्यक्ति, समुह, संस्था छनोट गरी सम्भाव्यता अध्ययन गरी सिफारिश गर्ने कार्यमा आवश्यक सहयोग गर्न हुन अनुरोध छ ।

............................
रामचन्द्र कँडेल
डिभिजनल वन अधिकृत
डिभिजनल वन अधिकृत

**वोधार्थ**

श्री पूर्वीचौकी गा.पा.
गाउँ कार्यपालिको कार्यालय, डोटी : उक्त सुचना तहाँ कार्यालयको सुचनापाटीमा टाँस गरी सोको जानकारी गराउन हुन अनुरोध छ ।

श्री दिपायल सिलगढी न.पा.
नगर कार्यपालिकाको कार्यालय, डोटी : ,, ,,

श्री सायल गा.पा.
गाउँ कार्यपालिकाको कार्यालय, डोटी : ,, ,,

श्री आदर्श गा.पा.
गाउँ कार्यपालिकाको कार्यालय, डोटी : ,, ,, ,,

श्री शिखर न.पा.
नगर कार्यपालिकाको कार्यालय, डोटी : ,, ,, ,,

श्री के.आई. सिंह गा.पा.
गाउँ कार्यपालिकाको कार्यालय, डोटी : ,, ,, ,,

श्री वोगटान फुडसिल गा.पा.
गाउँ कार्यपालिकाको कार्यालय, डोटी : ,, ,, ,,

श्री जोरायल गा.पा.
गाउँ कार्यपालिकाको कार्यालय, डोटी : ,, ,, ,,

श्री वडिकेदार गा.पा.
गाउँ कार्यपालिकाको कार्यालय, डोटी : ,, ,, ,,

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश, नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, डोटी

डिभिजनल वन अधिकृत

प.सं. :- २०७८/०७९
च.नं :

फोन नं. ०९४-४२०१४५

मिति : २०७८/०८/२३

**विषय : आ.व. २०७८/०७९ को वन विकास कार्यक्रम सम्बन्धि विस्तृत सूचना ।**

उपरोक्त सम्बन्धमा यस कार्यालयको आ.व. २०७८/०७९ को तपसिल वमोजिमको कार्यक्रमहरु सामुदायिक वन उपभोक्ता समुह, कवुलियती वन उपभोक्ता समुह, स्थानिय वन उपभोक्ता समुह र सहकारी एवं निजी कृषकहरु मार्फत सञ्चालन गरिने भएको हुँदा तपसिलको आधार पुगेका सामुदायिक वन उपभोक्ता समुह, कवुलियती वन उपभोक्ता समुह, स्थानिय अन्य वन उपभोक्ता समुह र सहकारी एवं निजी कृषकहरुहरुले तपसिलका कागजातहरु संलग्न राखी सम्वन्धित वडा कार्यालय र सव डिभिजन वन कार्यालयहरुको सिफारिश सहित यो सूचना प्रकासित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा यस कार्यालयमा आवेदन दिनहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ । यस सम्बन्धमा थप जानकारीको लागि डिभिजन वन कार्यालय, डोटी तथा सम्वन्धित सव डिभिजन वन कार्यालयहरुमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

तपसिल

| सि.नं | कार्यक्रम | ईकाई | परिमाण | स्वीकृत वजेट (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | जडीवुटी खेती विकास तथा विस्तार | प्याकेज | ३ | १५,००,००० | डिभिजन वन कार्यालयहरु |
| २. | पकेट क्षेत्रमा जडीवुटी खेती विस्तार (टिमुर, ओखर, रिठा, अमला, तेजपात आदि) | प्याकेज | १ | ५,००,००० | " " |
| ३. | कवुलियती वनमा जडीवुटी खेती विस्तार | प्याकेज | १ | ५,००,००० | " " |
| ४. | निजी वनको संरक्षण तथा विकास | जिल्ला | १ | १,००,००० | " " |
| ५. | कृषि वन विकास तथा प्रवर्द्धन | जिल्ला | १ | १,५०,००० | " " |

**क) संलग्न राख्नुपर्ने कागजातहरु**

१. उक्त कार्यक्रम सञ्चालन गर्न ईच्छुक भएको भनी सम्वन्धित सा.व.उ.स., क.व.उ.स., स्थानिय समुह, सहकारी तथा सम्वन्धित अन्य संस्थाको निर्णयको प्रतिलिपीका साथै निवेदन, समुह/संस्था दर्ता प्रमाणपत्र, नविकरण प्रमाण पत्र र चालु आ.व.को कर चुक्ता प्रमाण पत्रहरु समावेश गर्नुपर्ने,
२. सम्वन्धित स्थानिय वन उपभोक्ता समुह, उद्योग, सहकारीको निर्णय सहित सम्वन्धित स्थानिय तहको वडा कार्यालय र सव डिभिजन वन कार्यालयको सिफारिश पत्र,
३. कार्यक्रम सञ्चालन सम्वन्धि सम्वन्धित समुह/संस्था/सहकारीको आर्थिक र प्राविधिक प्रस्ताव (परिचय, के, कहाँ, कहिले, किन, कसरी तथा लागत अनुमान, लाभान्वित जनसंख्या आदि) पेश गर्नुपर्ने,
४. स्थलगत अनुगमनका क्रममा सम्भावित क्षेत्र, साझेदारी गर्न ईच्छुक व्यक्ति, वन उपभोक्ता समुह तथा संस्था भएको हुनुपर्ने र विगत आ.व.मा उक्त कार्यक्रम प्राप्त नगरेका व्यक्ति तथा स्थानिय वन समुह र तपसिलका आधारहरु पुरा गरेको समुहहरु भएको हुनुपर्नेछ ।

ख) आधारहरु

*नोट : उपरोक्त सम्पूर्ण कार्यक्रमहरु संचालन गरिने समुहहरु अतिक्रमण नभएको, वन फँडानीमा संलग्न नरहेको, सक्रिय जनसहभागिता भएको, लागत साझेदारी रुपमा कार्यक्रम सञ्चालन गर्न ईच्छुक रहेको, कुनै एक प्रजातीको व्यावसायिकरणमा जोड दिने समुह हुनु पर्ने र जडीवुटी विकास कार्यक्रम फोकल टिमको निर्णय अनुसार हुनेछ ।*

१. जडीवुटी खेती विकास तथा विस्तार

- जिल्लास्तरमा पहिचान गरिएका पकेट क्षेत्रका इच्छुक उद्यमी, सा.व.उ.स., क.व.स., किसानले आर्थिक र प्राविधिक प्रस्ताव (के, कुन, किन, कसरी, कहाँ रोपण गर्ने) पेश गर्नुपर्नेछ ।
- व्यावसायिक रुपमा उत्पादन गर्न सक्ने क्षमता भएका, बजारको पहुँच, पर्याप्त जग्गा र सुरक्षाको व्यवस्था भएको, प्रस्तावकको लगानी प्रतिशत, वैदेशिक रोजगारीबाट फर्केका युवा एवं अनुभवी व्यक्ती एवं समुहलाई प्राथमिकता दिई प्रस्ताव छनोट गरिनेछ ।
- मूल्यांकन समिती र फोकल टिमले छनोट गरेका उत्कृष्ठ १५ वटा प्रस्तावहरुलाई डिभिजन वन कार्यालयले सम्झौता गरी जडीवुटी खेती विस्तारको कार्यलाई पकेट क्षेत्रमा एकिकृत रुपमा सञ्चालन गर्ने ।
- उक्त कार्य सम्पादन भएपछि जग्गाधनी पुर्जा, नक्सा, कार्यक्रमको फोटो, प्रजाती अनुसार रोपेका विरुवा संख्या जाँचपास प्रतिवेदन, जि.पि.एस. नक्सा र समुहको निर्णय सहितका कागजात पेश गर्नुपर्ने र वृक्षारोपण क्षेत्रमा होर्डिङ्ग बोर्डको व्यवस्था गर्नुपर्ने ।
- अन्य कुराको हकमा प्रचलित कानुन र कार्यविधी वमोजिम हुनेछ ।

२. पकेट क्षेत्रमा जडीवुटी खेती विस्तार

- जिल्लास्तरमा पहिचान गरिएका पकेट क्षेत्रका इच्छुक उद्यमी, सा.व.उ.स., क.व.उ.स., किसानले आर्थिक र प्राविधिक प्रस्ताव (के, कुन, किन, कसरी, कहाँ रोपण गर्ने) पेश गर्नुपर्नेछ ।
- व्यावसायिक रुपमा उत्पादन गर्न सक्ने क्षमता भएका, बजारको पहुँच, पर्याप्त जग्गा र सुरक्षाको व्यवस्था भएको, प्रस्तावकको लगानी प्रतिशत, वैदेशिक रोजगारीबाट फर्केका युवा एवं अनुभवी व्यक्ती एवं समुहलाई प्राथमिकता दिई प्रस्ताव छनोट गरिनेछ ।
- मुल्यांकन समिती र फोकल टिमले छनोट गरेका उत्कृष्ठ प्रस्तावहरुलाई डिभिजन वन कार्यालयले सम्झौता गरी जडीवुटी खेती विस्तारको कार्यलाई पकेट क्षेत्रमा एकिकृत रुपमा सञ्चालन गर्ने ।
- उक्त कार्य सम्पादन भएपछि जग्गाधनी पुर्जा, नक्सा, कार्यक्रमको फोटो, प्रजाती अनुसार रोपेका विरुवा संख्या जाँचपास प्रतिवेदन, जि.पि.एस. नक्सा र समुहको निर्णय सहितका कागजात पेश गर्नुपर्ने र वृक्षारोपण क्षेत्रमा होर्डिङ्ग बोर्डको व्यवस्था गर्नुपर्ने ।
- अन्य कुराको हकमा प्रचलित कानुन र कार्यविधि वमोजिम हुनेछ ।

३. कवुलियती वनमा जडीवुटी खेती विस्तार

- उक्त कार्यक्रम यस जिल्लाका सम्भाव्य कवुलियती वन उपभोक्ता समुहहरुद्वारा क्लष्टरमा संचालन गरिनेछ ।
- विगत वर्षमा कार्यक्रम कार्यान्वयन भएको समुह भन्दा नयाँ समुहलाई प्राथमिकता दिइनेछ ।
- व्यावसायिक रुपमा उत्पादन गर्न सक्ने क्षमता भएको, बजारको पहुँच, पर्याप्त जग्गा र सुरक्षाको व्यवस्था भएको, प्रस्तावकको लगानी प्रतिशत, वैदेशिक रोजगारीबाट फर्केका युवा समावेश भएको र अनुभवी कवुलियती वन समुहलाई प्राथमिकता दिई प्रस्ताव छनोट गरिनेछ ।
- मुल्यांकन समितीले छनोट गरेका उत्कृष्ठ ५ वटा प्रस्तावहरुलाई डिभिजन वन कार्यालयले सम्झौता गरी जडीवुटी खेती विस्तारको कार्यलाई पकेट क्षेत्रमा एकिकृत रुपमा सञ्चालन गर्ने ।
- विकट क्षेत्र र एक क्लष्टर एक उत्पादन (टिमुर खेती, लप्सी खेती, जंगली फलफूल खेती, जडीवुटी खेती आदि) लाई जोड दिइरहेका सक्रिय समुह एवं साझेदारी गर्ने समुहलाई उक्त अनुदानको लागि योग्य ठहऱ्याइनेछ ।

डिभिजनल वन अधिकृत

- कार्यक्रम सपन्न पश्चात जाँचपास प्रतिवेदनको साथमा कार्यक्रम संचालन गर्दाका फोटोहरु र कार्यक्रम कार्यान्वयन क्षेत्रको जि.पि.एस. प्वाईन्ट र समुहको निर्णय, सम्वन्धित वडा कार्यालय र सव डि.व.का.को सिफारिश समेत समावेश गरी पेश गर्नुपर्नेछ ।
- अन्य कुराको हकमा प्रचलित कानुन र कार्यविधी वमोजिम हुनेछ ।

**४. निजी वनको संरक्षण तथा विकास**

- उक्त कार्यक्रम यस जिल्लामा निजी वनको रुपमा दर्ता भएका दर्तावाल निजी वन धनीलाई वन संरक्षण र विकास कार्यका लागि संचालन गरिनेछ ।
- निजी वन धनीले ५०० भन्दा वढी विरुवा रोपण गरी वनको संरक्षण, संवर्द्धन र व्यवस्थापन गरेको हुनुपर्नेछ ।
- निजी वन धनीले प्रस्ताव पेश गर्दा निजी वन दर्ताको प्रमाण पत्र, निजी वन धनीको नागरिकताको प्रमाण पत्र, निजी वन धनीको लालपूर्जा, निजी वनमा रोपण गरेका विरुवा संख्या र सोको अवस्था, निजी वनको अवस्था झल्कने कलर फोटो, निजी वनको जि.पि.एस. कोअर्डिनेट, सम्वन्धित वडा कार्यालयको सिफारिश पत्र, निजी वनको संरक्षण र सम्वर्द्धनका लागि गरिने क्रियाकलापहरु र सोको लागत अनुमान, निजी वन धनीले व्यहोर्ने लागत हिंस्सा संलग्न राखी प्रस्तावन पेश गर्नुपर्नेछ ।
- मुल्यांकन समितीले छनोट गरेका उत्कृष्ठ ५ वटा निजी वन धीको प्रस्तावहरुलाई डिभिजन वन कार्यालयले सम्झौता गरी निजी वनको संरक्षण र विकासका लागि कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- कार्यक्रम सपन्न पश्चात जाँचपास प्रतिबेदनको साथमा कार्यक्रम संचालन गर्दाका फोटोहरु र कार्यक्रम कार्यान्वयन क्षेत्रको जि.पि.एस. प्वाईन्ट, सम्वन्धित वडा कार्यालय र सव डि.व.का.को सिफारिश समेत समावेश गरी पेश गर्नुपर्नेछ ।
- अन्य कुराको हकमा प्रचलित कानुन र कार्यविधी वमोजिम हुनेछ ।

**५. कृषि वन विकास तथा प्रवर्द्धन**

- उक्त कार्यक्रम कार्यान्वयनका लागि एकल व्यक्ती वा एकभन्दा वढी व्यक्तीको सिमा जोडिएको एकै ठाउँको जग्गा मिलाएर १० हेक्टर वा समुह, सहकारी, सरकारी तथा सार्वजनिक संघसंस्थाको एकै ठाउँमा रहेको १० हेक्टर वा सोभन्दा वढी क्षेत्रफलको एउटा क्षेत्र हुनपर्नेछ ।
- कृषि वन क्रियाकलाप सञ्चालनको लागि प्रस्ताव पेश गर्दा प्रस्तावकले प्रस्तावित जग्गाको लालपूर्जा, लगानीको सुनिश्चितता, किसानको सामुहिक निर्णय (समुह/सहकारीको हकमा), कृषि वन कार्यक्रम प्रभावकारी रुपमा सम्पन्न गर्ने योजना (विस्तृत क्रियाकलाप सहितको योजना), उपयुक्त कृषि वन प्रणाली (कृषि तथा रुख प्रजाती रोपण, रुख प्रजाती तथा मत्स्यपालन, रुख प्रजाती तथा फलफूल, कृषि, फलफूल र रुख प्रजाती, रुख प्रजाती र घाँसेवाली, घर वरपरको वगैंचा आदि) अपनाउनुपर्ने जस्ता कुराहरु खुलेको प्रस्ताव पेश गर्नुपर्नेछ ।
- मुल्यांकन समितीले कम्तीमा १० हेक्टरको क्षेत्र, निजी जग्गामा गरिने कार्यक्रम, उत्पादन र उत्पादकत्व अभिवृद्धी गरी आयआर्जन र रोजगारी सृजना गर्ने व्यक्ती/समुहका प्रस्ताव छनोट गरी उक्त प्रस्तावहरुलाई डिभिजन वन कार्यालयले सम्झौता गरी कार्यक्रमलाई सकभर एकै ठाउँमा कार्यान्वयन गर्नुपर्ने ।
- कार्यक्रम सपन्न पश्चात जाँचपास प्रतिवेदनको साथमा कार्यक्रम संचालन गर्दाका फोटोहरु र कार्यक्रम कार्यान्वयन क्षेत्रको जि.पि.एस. प्वाईन्ट, सम्वन्धित वडा कार्यालय र सव डि.व.का.को सिफारिश समेत समावेश गरी पेश गर्नुपर्नेछ ।
- अन्य कुराको हकमा प्रचलित कानुन र नमुना कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ वमोजिम हुनेछ ।

**ईति सम्बत २०७८ साल मंसिर महिना २३ गते रोज ०५ मा शुभम् ।**